स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



गत बैशाखमा आएको फिल्म 'बोक्सीको घर'को 'बुझिनँ मैले, बुझाईदेउ कसैल' गीत सर्वाधिक चर्चित बन्यो। 'खुस्मा'को 'रुकुम मैकोट'लाई अर्गानिक गीत भन्दै प्रशंसा यतिबेला फिल्म 'खुस्मा'को 'रुकुम मैकोट' गीतले भने नसोचेको चर्चा पाइरहेको छ।'बुझिनँ मैले'पछि सर्वाधिक रुचाइएको गीत नै यही बनेको छ। युट्युब रिलिजको २ हप्तामा गीतलाई ७७ लाखभन्दा बढी भ्यूज मिलिरहेको छ भने सयौंको संख्यामा टिकटक र रिल्स बनेका छन्।

**आजको विचार...**



प्रकास नेपाल

सत्ता...
(दुई पेजमा)

(दुई पेजमा)

अभिनेत्री नन्दिता केसी आमा बन्ने भएकी छन् । उनले सामाजिक सञ्जाल फेसबुक मार्फत आफू आमा बन्न लागेको जानकारी दिएकी हुन् । उनले जानकारीको साथमा श्रीमान् र आमा-बुबासँगको दुई तस्बिर समेत शेयर गरेकी छन् । उनले लगाएको टिसर्टमा 'सून टू बी ममी' लेखिएको छ, श्रीमान् (अरविन्द्र कटवाल)ले उनको निधारमा चुम्बन गरेका छन् । प्रफुल्लित देखिएकी नन्दिताले प्रश्न वाचक चिह्न लेखिएको एउटा पेपर हातमा लिएकी छन् ।



❑ वर्ष ३० ❑ अंक ६२ ❑ २०८१ भदौ ३१ गते सोमबार 16 September 2024, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सवारी दुर्घटना : एकै दिन अकालमै गयो पाँच जनाको ज्यान

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ ३०/नेपालमा दिनहुँजसो भइरहने सडक दुर्घटनाका कारण ज्यान गुमाउने र अङ्गभङ्ग भई शारीरीकरुपमा बाँच्न बाध्य हुनेको संख्या बर्सेनि बढ्दो छ । सडकको प्रयोगमा लापरवाहीका कारण धेरैले अकालमै ज्यान गुमाउने गरेका छन् ।

पछिल्लो एक दिनमै देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा पाँच जनाले अकालमै ज्यान गुमाएका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार पाल्पा, चितवन, बर्दिया, ताप्लेजुङ र सिराहामा भएका छुट्टाछुट्टै दुर्घटनामा पाँच जनाको अकालमै ज्यान गएको हो । पाल्पाको तिनाउ गाउँपालिका-५ नयाँ जोरधारास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । बुटवलबाट पोखरातर्फ आउँदै गरेको लु.४८ प २६८७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार स्याङ्जा चापाकोट नगरपालिका-९ बस्ने ५३ वर्षीय कृष्ण प्रसाद भट्टराईको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको




लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै बर्दियाको गेरूवा गाउँपालिका-४ खोन्पुरस्थित सडकमा मोटरसाइकल गोरूगाडासँग ठक्कर खाई दुर्घटना हुँदा एक जनाको अकालमै ज्यान गएको छ । भे.८ प ९१६१ नम्बरको मोटरसाइकल गोरूगाडासँग ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँका ३० वर्षीय सुरेश चौलागाईको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र राजापुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । हाल फरार गाडा चालकको प्रहरीले खोजी गरिरहेको छ । उता चितवनको भरतपुर महानगरपालिका-१ पानीट्याङ्की ओरालोस्थित सडकमा गाडीको ठक्करबाट साइकलयात्री ज्यान गएको छ । बा.प्र.०१-०२६ च ५५१९ नम्बरको योद्धा गाडीको ठक्करबाट साइकलयात्री सोही महानगरपालिका-१ रामनगरका ६४ वर्षीय राम थापाको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको भरतपुर सरकारी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त योद्धा गाडी ग.२ ख ८५५ नम्बरको बससँग ठक्कर खाई अनियन्त्रित भई साईकललाई ठक्कर दिएको थियो । योद्धा गाडी र बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै सिराहाको धनगढीमाई नगरपालिका-१ बाखरस्थित सडकमा पनि मोटरसाइकलको ठक्करबाट पैदलयात्री ज्यान गएको छ । छपरारीबाट बाखरतर्फ जाँदै गरेको स.४ प ६०२० नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६५ वर्षीया वरती देवी पासवानको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको विराटनगरस्थित आरएन न्यूरो अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै ताप्लेजुङको फक्तालुङ गाउँपालिका-३ खेसेवास्थित सडकमा सडक माथिबाट खसेको ढुँगाले लागेर पिक जिपमा सवार एक जनाको मृत्यु भएको छ । ताप्लेजुङ सदरमुकामबाट फक्तालुङतर्फ जाँदै गरेको मे.१ ज १३६२ नम्बरको पिकअप सडकको माथिबाट आएको ढुङ्गाले लागि दुर्घटना हुँदा पिकअपमा सवार ताप्लेजुङ फक्तालुङ गाउँपालिका-३ तावाकी २६ वर्षीया निर्मला गुरूङको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल ताप्लेजुङमा उपचारको क्रममा मृत्यु भएको हो । पिकअप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## सक्षिप्त समाचार

### ट्याङ्कर विस्फोट हुँदा २४ को मृत्यु

**(रासस/एएफपी)**

**हाइटी,** भदौ ३०/दक्षिण-पश्चिम हाइटीमा शनिबार एउटा ट्याङ्कर विस्फोट हुँदा कम्तीमा २४ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । मिरागोएनमा भएको विस्फोटमा परी करिब ४० जना घाइते भएका छन् भने केहीको शरीरका अधिकांश भाग जलेको हाइटीको नागरिक सुरक्षा निकायका प्रमुख इमानुएल पियरेले एएफपीसँग बताए । पियरेका अनुसार उद्धारकर्ताले विस्फोटस्थल नजिकै जलेका थप आठ शव फेला पारेपछि मृतकको सङ्ख्या २४ पुगेको हो । यसअघि शनिबार दिइएको जानकारीमा दुर्घटनाका कारण १६ जनाको मृत्यु भएको जनाइएको थियो ।

घाइतेहरूलाई राजधानी पोर्ट-ओ-प्रिन्सबाट करिब १०० किलोमिटर पश्चिममा रहेको बन्दरगाह शहर मिरागोएनस्थित सेन्ट थेरेसी अस्पतालमा उपचारका लागि लगिएको छ भने छ जनालाई पोर्ट-ओ-प्रिन्सको विशेषज्ञ अस्पतालमा लगिएको थियो । अन्य १३ जनाको शरीरको ८० प्रतिशत भन्दा बढी जलेको कारण यातायात असम्भव भएकाले सेन्ट थेरेसी अस्पतालमा नै उपचार भइरहेको छ ।

## संविधान दिवस जनस्तरबाटै भव्य रुपमा मनाऔं : मुख्यमन्त्री आचार्य



**हाम्रा संवाददाता**

**दाङ,** भदौ ३०/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधान दिवस २०८१ जनस्तरबाट भव्य रुपमा मनाउन आह्वान गरेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय राप्ती उपत्यका देउखुरीमा भएको संविधान तथा राष्ट्रिय दिवस मूल समारोह समितिको आइतबार बसेको बैठकलाई सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले संविधान दिवसलाई नागरिक स्तरबाट भव्य रुपमा मनाउन आह्वान गरेका हुन् ।

आगामी असोज २, ३ र ४ गते प्रदेशले दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरेकाले जनताले पनि सोही अनुसार भव्य र सभ्य तरिकाले दिवस मनाउनुपर्नेमा उनले जोड दिए । असोज २ गते प्रदेश स्थित सबै सरकारी कार्यालयहरुमा राष्ट्रिय झण्डा फहराउने, कार्यालय परिसरमा सरसफाई गर्ने, स्वास्थ्य मन्त्रालयको समन्वयमा नि:शुल्क स्वास्थ्य परिक्षण जाँच कार्यक्रम सञ्चालन गर्ने, प्रदेश सरकारी निकायका वेभसाईडमा संविधान दिवस तथा राष्ट्रिय दिवस भव्य रुपले मनाउने बारेमा सूचनाहरु सार्वजनिक गर्ने बताईएको छ ।

-बाँकी अन्तिम पेजमा...

## घुमन्ते व्यापारमा रमाएका 'काफ्ले बा'

**रामपुर (पाल्पा),** भदौ ३०/बिहान उज्यालो हुनासाथ पिँठ्युमा कपडा बोकेर व्यापारका लागि गाउँ पस्ने जुम्लाका 'काफ्ले बा' अर्थात् शिव काफ्लेको दिनचर्या हो । गाउँमा उकालो ओरालो गर्दा कपडाको भारीले जीउ थकित भए पनि अनुहार भने जहिल्यै हँसिलो हुन्छ ।

हुम्लाको कनका सुन्दरी गाउँपालिका-८ सिञ्जाका काफ्ले झण्डै डेढ दशकदेखि रामपुर र यसका आसपासमा कपडाको व्यापार गरिरहेका छन् । हरेक दिन ढाका टोपी, इस्टकोटमा सजिएर पिँठ्युमा राडीपाखी, गलैँचा बोकेर गाउँ-गाउँमा पुग्छन् । जुम्लामा उत्पादन भएका राडीपाखी, गलैँचा, स्वीटर बोकेर गाउँका बस्तीमा व्यापार गर्नु उनको दिनचर्या हो । उमेरले पाँच दशक नाघेका काफ्लेलाई घुमन्ते व्यापारले अझै छोडेको छैन । उनी आफूले घुमन्ते व्यापार रहरले नभई बाध्यताले गरेको बताउँछन् । तर, यसमा रमाएको उनको भनाइ छ । अहिले उनी पाल्पाको रामपुरमा कोठाभाडा लिएर यस आसपासका स्थानमा व्यापारका लागि पुग्छन् । उनले सुरुमा करिब पाँच वर्षजति



भारतको अलमुढा, नैनताल, बागेश्वर, गढवाल, हिमाञ्चल, पिथरागढ, चम्पाव, डिडिहाटलगायत बजारमा राडीपाखीको व्यापार गरे । नेपाल फर्किएपछि उनीपोखरा, पर्वतको कुश्मा, बुटवल, तानसेनलाई व्यापारको केन्द्र बनाएका छन् । तानसेनमा व्यापार गर्ने क्रममा उनी रामपुर आएका हुन् । 'तानसेनमा व्यापार अलि कम हुन थाल्यो, तानसेनका एक जना बुबाले रामपुर ग्रामीण भेग भएकाले व्यापार व्यवसाय कम छ, त्यहाँका गाउँ-गाउँमा राम्रो व्यापार हुन्छ भने, 'म त्यही आशामा २०६८ सालतिर रामपुर आएर व्यापार सुरु गरेको हुँ, अहिलेसम्म पनि यहीँ निरन्तर लागिरहेको छु', उनले भने । रामपुरमा सुरुआतमा राम्रो व्यापार भए पनि पछिल्ला वर्षमा भने व्यापार घटेको उनको अनुभव छ । रामपुरमा व्यापारिक पसल बढ्दै जादा घुमन्ते व्यापारमा असर पुगेको उनको अनुभव छ । पछिल्लो समय गाउँघरमा हुने मेला महोत्सवले गर्दा पनि व्यापारमा कमी आएको उनको बुझाइ छ । उनको मुख्य व्यापार भनेको राडीपाखी हो । तर, अहिले बढीमात्रामा गलैँचा, तन्नाको व्यापार हुन्छ । गाउँमा कहिलेकाहीँ आउने व्यापारीले स्थानीयलाई ठग्दा आफूहरु जस्ता घुमन्ते व्यापारीप्रतिको विश्वास कम भएको उनको अनुभव छ । सुरुवाती दिनमा गाउँ-गाउँमा पुग्दा डर, धम्की भोग्नुपरे पनि अहिले त्यसो नभएको उनको अनुभव छ । 'सबैले आफ्नै परिवारको सदस्यको व्यवहार गर्नुहुन्छ, राम्रोसँग चिन्नुहुन्छ, चलेको दरभाउअनुसार व्यापार गरिरहेको छु, दुई पैसा अहिलेसम्म ठगेर व्यापार गरेको छैन, सबैको माया र साथ पाएको छु, यहाँ बस्न ढुक्क छ, कसैको डर, धम्की छैन, त्यही भएर अन्यत्र ठाउँको तुलनामा रामपुरमा धेरै समय बसिरहेको छु,' उनले भने । पहिला दिनमा २० हजारसम्म कमाई गर्ने गरेकामा अहिले व्यापार घटेर दिनमा बढीमा चार हजार जति कमाइ हुने गरेको उनी बताउँछन् । ठूलो सपना छैन, सामान्य खाना, लाउन पुगेकामा यसमै खुसीका साथ जीवन बिताइरहेको उनले बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## ओजोन तह बचाऔं

**ओजोन तह अक्सिजनको ३ अणु, तीन परमाणुहरूसँग मिलेर बनेको एक ग्याँस हो । जुन वायुमण्डलमा धेरै कम मात्रा (0.0२%) मा पाइन्छ । यो पृथ्वीको वायुमण्डलको ३0 हजार फिट माथि स्थाइ रूपमा तह बनेर बसेको हुन्छ । पृथ्वीमा कलकारखाना र सवारी साधनमा प्रयोग हुने इन्धन तथा रसायनबाट निस्केको ओजोन वायुमण्डलमा गएर एकत्रित हुने गर्दछ । यसले सूर्यबाट आउनेमध्ये हानिकारक पराबैजनी किरणहरूलाई पृथ्वीसम्म आइपुग्नबाट रोक्ने गर्छ । जहाँ यसको निर्माण अक्सीजनबाट पराबैजनी किरणहरूको प्रभावस्वरूप हुन्छ ।**

**ओजोन अक्सीजनको एक माथिल्लो रुप हो । तर पछिल्लो समय ओजन तह पातलीदै जाँदा तापक्रममा पृद्धि भई विभिन्न समस्याहरु निम्तिन थालेको छ । पृथ्वीमा कार्बनको मात्रा बढ्दै जानु र ओजोनको तह पातलिँदै जानु राम्रो हैन । यसले खतराको अवस्था सिर्जना हुने वैज्ञानिकहरुको तर्क छ । जलवायु परिवर्तनका कारण आज सिंगो पृथ्वी जुन अवस्थामा छ, अन्तिम समयसम्म पनि त्यस्तै नरहला भन्न सकिदैन । त्यसैले यसतर्फ समयमै सबैले सोच्नुपर्दछ । हुन त पृथ्वीलाई ढाकेको ओजन तह पातलीदै जाँदा तापक्रममा बृद्धि भई विभिन्न समस्याहरु निम्तिन थाले पछि विश्वभर ओजन तह दिवस मनाउन थालिएको छ । हरेक वर्षको १६ सेप्टेम्बर अर्थात् आजको दिन ओजोन तह संरक्षणका लागि विश्व ओजन तह बचाउ दिवस मनाउने गरिएको हो । यस दिन विश्वभरि विभिन्न कार्यक्रम गरेर मनाइन्छ । ग्लोबल वार्मिङका कारण पृथ्वीको तापमान बढ्दै गएकोमा विश्व समुदाय चिन्तित भइरहेकै बेला यो दिवस मनाइनुलाई सकारात्मक मान्नुपर्छ । तर हरेक वर्ष दिवस मनाइए पनि ओजोन तह संरक्षणमा भने खासै ध्यान नदिइनु विडम्बनाको विषय हो । क्लोरोफ्लोरो कार्वन, मिथाइल, ब्रोमाइड, कार्वन टेट्रोक्लोराइड जस्ता क्लोरिन, ब्रोमिन तथा अक्साइड रेडिकल भएका झण्डै ९४ वटा रसायनहरु ओजोन तह विनाशका लागि जिम्मेवार छन् । यसको संरक्षणका लागि सबैभन्दा प्रभावकारी उपाय यसबाट पर्ने नकारात्मक असरहरुको बारेमा चेतना जगाउनु नै हो । वातावरणीय प्रदुषण नियन्त्रणका लागि उद्योग तथा यातायात सञ्चालन र त्यसमा प्रयोग हुने प्रविधि सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था हुनुपर्छ । सबैभन्दा महत्वपूर्ण कार्य त क्लोरोफ्लोरो कार्वन उत्पादन बन्द गर्नु अथवा यसको प्रयोग गर्न निरुत्साहित गर्नु नै उत्तम हुन्छ । विनाश भएको ओजोन तह जति चाहेपनि मान्छेले आँफैं बनाउन सक्दैनन तर त्यसको बचाउ गर्न सकिन्छ भन्ने कुराको मनन हुन आवश्यक छ । तसर्थ यो विषयप्रति समयमै सचेत बन्दै भविष्यका लागि आशावादी चित्र निर्माण गर्ने दिशामा सबैले सोचौं ।**

## Opinion @ Social Network

उच्च विचार भएको मान्छे ज्ञान विज्ञानको कुरा गर्छ, मध्यम विचार भएको मान्छे विषय वस्तुको कुरा गर्छ, निम्न विचार भएको मान्छे अरुको कुरा गर्छ ।।

*(अन्जु थापा मगरको फेसबुक स्टाटसबाट www.facebook.com//mgrni.angel)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सत्ता कब्जा रणनीति नै हो त ?



प्रकाश नेपाल
prakashnepal014@gmail.com

> *राजनीतीमा त राम्रा कुराको प्रशंशा नै हुँदैन । विरोध मात्र हुने अवसर बस्यो । तत्कालिन गृहमन्त्री नारायण काजी श्रेष्ठले उठान गरेका कुराहरु त्यस पछिका मन्त्रीहरुले निरन्तता नदिनु भनेको पनि भ्रष्टचार नै हो । उनले सुराकी खर्च नलिने उद्घोष गरे । त्यसै गरी पहिलो पटक रवी लामिछाने गृहमन्त्री भएको बखतमा प्रचलित कानुन विपरित सञ्चालित क्रसर उद्योगहरु बन्द गराए । सरकारले आफैले बनाएको नियमलाई लत्याउदै क्रसर उद्योग सञ्चालन गर्नु पनि भ्रष्टचार नै हो । यसलाई नीतिगत भ्रष्टचार भनिन्छ । यस्ता नीतिगत भ्रष्टचारबाट जोगिनको लागि पनि सत्ता कब्जाको अख्तियारी नीति अभिलम्वन गरेको हो । २०७२ सालको महा विनासकारी भूकम्पले मानव बस्तीको उठी बास बनायो । ढलेका बस्ती उठाउन नपाउदै पश्चिममा फेरी भूकम्पले ध्वस्त बनायो । वन ढडेलो बस्तीमा पुगेर बस्ती खरानी भयो । २० औं वर्ष पुराना यातायातका साधनहरु सरकारले प्रयोग गर्न दिएर हजारौं जनताहरुको ज्यान गयो । नयाँ-नयाँ उद्योगहरु खोल्ने युवाहरुलाई रोजगारीको अवसर दिने त कुरौ भएन भएका सबै उद्योगहरु बन्द हुँदै गए । राज्यले यस्ता विषयमा ध्यान दिएको छैन् । उनीहरुलाई त सत्ता कसरी जोगाउने र कसरी आफु जोगिने भन्ने विषयमा संसदमा जुहारी खेल्दै ठिक छ ।*

साशकले सत्ता कब्जा गर्नु भनेको आफ्नो अनुकुल बनाउनु नै हो । राष्ट्रको मुख्य-मुख्य पदहरुमा आफु अनुकुलका व्यक्तिलाई मनोनित गर्नु नै हो । यस्ता परम्परा र अभ्यास हाम्रो मुलुकमा पनि राणाकाल भन्दा अगाडि नै राजा, महाराजा तथा मन्त्रीहरुबाटै भएको इतिहास साक्षी नै छ । एउटा पक्ष न्यायलयमा पुग्दा आर्को पक्षका जनता तथा भारदारहरुको खनि खोस्रो गर्ने चलन पहिलेको र अहिलेको केही फरक देखिदैन । फरक त समय र शब्द मात्र रहेछ । यस्ता गतिविधी हुनु भनेको मुलुक र जनताका लागि मात्र दुखद् पक्ष नभएर परन्तु सत्ता सञ्चालक लागि केही दिनका लागि फाइदा जनक भए पनि पछि परन्तु ठूलो नोक्सानी बेर्होन पर्ने देखिन्छ । राणा शाशनमा जस्तै जुन दल सत्ता सञ्चालन गर्न पुगे पनि कार्यकर्ता भर्ना, सरुवा, बढुवा, पदमुक्त गर्ने प्रचलन अहिलेको मात्र होइन ? यस भन्दा निकट अगाडिका प्रधानमन्त्रीले मात्र नभएर बहुदलिय व्यवस्था सुरु भएदेखि कै प्रधानमन्त्रीहरुले अख्तियार, निर्वाचन आयोग, तथा न्यायलय जस्ता ठाउँहरुमा सबै आफ्नौ भाइ, भतिजा, कार्यकर्ता सबै आफ्ना नियुक्ती गरेको पनि सत्य नै हो । यस्ता निकायहरुमा कुनै व्यक्ति नियुक्ती गर्दा अपनाउनुपर्ने विधि विधान छन् की छैनन् र ? यो जनताले जान्न चाहान्छन् । यो त्यहाँ बहुमत बनाउन र आफु अनुकुल बनाउन यतिखेर उपसभामुख माथि प्रहारको थालनी भएको छ । उपसभामुख पद काँग्रेसले आफ्नो पोल्टामा पार्न खोजेको सत्य पनि हो । नेकपा माओवादीको राष्ट्रिय सभा अध्यक्ष, एमालेको सभामुख, रास्वपाको उपसभामुख छन् । उपसभामुखलाई अहिले महाअभियोग लगाउने तयारीमा ठूला दलहरु छन् । यस प्रकरणले के बुझिन्छ भने भोलिका दिनहरुमा आफुलाई सहज बनाउने हो । जनमानसमा चर्चामा आएका धेरै विषय वस्तुहरु छन् । भ्रष्टचारका भोलिका दिनहरुमा ठूला ठूला भ्रष्टचार जन्य फाइल तामेलीमा राख्ने वा सफाईका प्रक्रियामा लैजाने नियत नै हो । यही गर्नका लागि संवैधानिक पदहरुमा आफ्नो अनुकुल बनाउनु हो । यसका लागि नै सत्ता गठबन्धन भएको हो । यसले राम्रो गति लिने छैन् । मुलुक थप झन बर्बादीतर्फ धकेलिने छ । यो कार्यले एक /दुई जना नेतालाई फाइँदै फाइदा भए पनि सिगो नेपाल र नेपालीको अर्थ व्यवस्था भने ध्वस्त नै भयो । ओलीले बालुवाटारको जग्गा प्रकरणमा जसरी विष्णु पौडेललाई उन्मुक्ती दिए त्यस्तै गरी भुटानी शरणार्थी प्रकरण होस् , विमान खरिद प्रकरण, गिरीबन्धुमा होस् जनतालाई थाहै नभएका थुप्रै काण्डहरुका विषयमा सत्य तथ्य कुरा बाहिर नल्याउन मनसुवा बोकेर यस्ता निर्णय लिन पुगेका हुन् ।

सुरक्षा जस्तो संवेदनशिल पदमा पनि राजनैतिक हस्तक्षेप भएको छ । प्रहरी न्यायलय माथि पनि राजनैतिक छायाँको प्रभाव बढ्दो अवस्थामा जादा सर्वसाधारणहरु नेता र राजनैतिकप्रति विश्वासै छैन । खुला राजनैतिक प्रणालीको साह्रै नराम्रो पक्ष हो यो । यसले पार्ने नकारात्मक पक्षको प्रभावको उदाहरण बगलादेश नै हो । आफु सत्ता बाहिर भएपछिका केही दिन अगाडि पुष्पकमल दाहलले यो कुरामा संकेत गरेका थिए तर उनको संकेतलाई सदनमा नकारात्मक रुपमा व्यख्या गरियो ।

राजनीतीमा त राम्रा कुराको प्रशंशा नै हुँदैन । विरोध मात्र हुने अवसर बस्यो । तत्कालिन गृहमन्त्री नारायण काजी श्रेष्ठले उठान गरेका कुराहरु त्यस पछिका मन्त्रीहरुले निरन्तता नदिनु भनेको पनि भ्रष्टचार नै हो । उनले सुराकी खर्च नलिने उद्घोष गरे । त्यसै गरी पहिलो पटक रवी लामिछाने गृहमन्त्री भएको बखतमा प्रचलित कानुन विपरित सञ्चालित क्रसर उद्योगहरु बन्द गराए । सरकारले आफैले बनाएको नियमलाई लत्याउदै क्रसर उद्योग सञ्चालन गर्नु पनि भ्रष्टचार नै हो । यसलाई नीतिगत भ्रष्टचार भनिन्छ । यस्ता नीतिगत भ्रष्टचारबाट जोगिनको लागि पनि सत्ता कब्जाको अख्तियारी नीति अभिलम्वन गरेको हो ।

२०७२ सालको महा विनासकारी भूकम्पले मानव बस्तीको उठी बास बनायो । ढलेका बस्ती उठाउन नपाउदै पश्चिममा फेरी भूकम्पले ध्वस्त बनायो । वन ढडेलो बस्तीमा पुगेर बस्ती खरानी भयो । २० औं वर्ष पुराना यातायातका साधनहरु सरकारले प्रयोग गर्न दिएर हजारौं जनताहरुको ज्यान गयो । नयाँ-नयाँ उद्योगहरु खोल्ने युवाहरुलाई रोजगारीको अवसर दिने त कुरौ भएन भएका सबै उद्योगहरु बन्द हुँदै गए । राज्यले यस्ता विषयमा ध्यान दिएको छैन् । उनीहरुलाई त सत्ता कसरी जोगाउने र कसरी आफु जोगिने भन्ने विषयमा संसदमा जुहारी खेल्दै ठिक छ ।

समस्या धेरै छन् । एक दिन राजनैतिक दलका नेतृत्वका विरुद्धमा नयाँ पुस्ता आन्दोलित नहोलान् भनेर भन्न सकिदैन । यदि आन्दोलन भयो भने यो व्यवस्था रहन पनि सक्दैन । राणाकालमा सबै राणाले लुटे भनेर भनी जनताका छोराहरु मरी-मरी नयाँ व्यवस्था त आएकै हो तर नेपालमा प्रजातन्त्र नसुबेरै होला । पञ्चायती व्यवस्था आयो । पञ्चायती व्यवस्थामा दलहरु माथि प्रतिवन्ध लगाइयो । मुलुक र सोझा जनतालाई फेरी राजा महाराजा, भरौटे , सुसारेले सबै लुटे । २०४६ साल आयो । त्यस पछिका समयमा पनि राजनैतिक दलका आडमा टाठा बाठाहरुले फेरी ठूला-ठूला भ्रष्टचारका काण्डहरु मच्याउन लागे । जनताहरु त्यस्तो राजनैतिक दलको खोजीमा छन् जहाँ विधीको शाशन बराबरी होस् । एउटा न एउटा कलंकको टिका लगाएका व्यक्ति नै नेता हुँदो रहेछ । केही दलको नेताको आडमा समानुपाती कोटाबाट सांसद भएका व्यक्ति मन्त्री भएका छन् । यस्ता यस्ता कलंकका भारी बेकोका नेताहरुबाट हामी जनताले के आशा गर्ने प्रश्न यहाँ हो । गाउँमा एउटा स्कुलको पिउनको लागि जागिर खान पनि आफ्नै दलका नेता चाहिन थाल्यो । हामी स्वतन्त्र पाटीको टिकट नै नलिएका व्यक्तिहरु गाउँमा मात्र होइन । आफ्नै टोलमा पनि कति कठिन हुँदो रहेछ त्यो त भोग्नेलाई थाहा छ ।

लुम्बिनी प्रदेश सरकार निर्माण भएका बखतमा मन्त्री मन्त्रालयका सचिव तथा विभागिय प्रमुखले प्रयोग गर्ने मोटर खरिद प्रकरणमा नराम्रोसँग घोटला भएको थियो तर त्यो प्रकरण अरुण लामाको गीत जस्तै भयो । यसरी हरेक स्थानमा दलका नेताहरु जोडिन्छन् कारवाहीमा कर्मचारी पर्ने पनि समस्याका रुपमा देखा परेको छ । सरकारले आउने केही समयमा नेकपा एमालेका टोपबहादुर रायमाझी र काँग्रेसका मोहमद अफताव आलमलाई जेल मुक्त गर्दै छन् । यस्तो भएपछि पनि नेपालमा विधिको शाशन भन्ने होला त ? विधिको साशनलाई धज्जीमा उडाउन संवैधानिक निकायहरु कब्जा हुँदैछ ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। | **तुला** :मिहिनेत गर्दा दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । |
| **वृष** :स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। | **वृश्चिक** :अस्वस्थताले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। बेहोसीले नोक्सान पुर्याउला। |
| **मिथुन** :आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। | **धनु** :अरूका लागि समय खर्चनुपर्ला। नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला। |
| **कर्कट** :विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ। | **मकर** :व्यापार-व्यवसायमा मनग्य लाभ हुनेछ। मित्रताको बन्धन कसिलो हुनेछ। |
| **सिंह** :समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । | **कुम्भ** :हिम्मतले काम लिँदा मनग्गे लाभ हुनेछ। पछिसम्म फाइदा हुने काम छ। |
| **कन्या** :मिहिनेत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। | **मीन** :अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ। नयाँ योजना कार्यान्वयनमा ल्याउनेछ। |

शिक्षा

# निजी फक्रँदै, सामुदायिक खुम्चँदै !

**ठाकुरप्रसाद बस्ताकोटी**



यतिखेर देशका हरेक क्षेत्रमा सुधारको आवश्यकतालाई हामीले जोड दिइरहेका छौं । शैक्षिक क्षेत्रमा सुधार नगरी आर्थिक र सामाजिक क्षेत्रमा सुधार सम्भव छैनह शैक्षिक रूपान्तरणविना विकास र समृद्धि सम्भव देखिँदैन । यद्यपि यसतर्फ हाम्रो ध्यान जान सकेको देखिँदैन । तीनै तहको सरकारले शैक्षिक सुधारको मार्गचित्र तय गर्दा वर्तमानका आवश्यकताको सूक्ष्म मूल्यांकन गर्नुपर्छ । विडम्बना, तीनै तहको सरकारले यसलाई प्राथमिकतामा पारेको पाइँदैन ।

**निजी फक्रँदै, सामुदायिक खुम्चँदै :** शैक्षिक क्षेत्र व्यापारिक थलोजस्तो बनाइँदा सामुदायिक शिक्षा अपहेलित छ । गरिब र भुइँतहका नागरिकको अधिकार समानताको दृष्टिकोणबाट ज्यादै चिन्ताजनक छ भन्ने यसले देखाइरहेको छ । सार्वजनिक शिक्षालाई कमजोर बनाउँदा त्यसले देशलाई दीर्घकालसम्म असर पुर्‍याउँछ भन्ने हेक्का नराख्दा सामुदायिक र निजी शिक्षाबिचको खाडल झन् ठुलो हुँदै गइरहेको छ । निजी स्कुलले सार्वजनिक पद धारण गर्ने धेरैका छोराछोरीलाई निःशुल्क पढाइदिने मात्र होइन, राजनीतिक व्यक्तित्वको निर्वाचन खर्चको जोहो पनि गरिदिने गरेको अवस्थालाई सामान्य रूपमा लिन थालिएको अनुभव हुँदै आएको छ । दलहरूको चुनावी खर्च व्यवस्थापनमा निजी क्षेत्रको भूमिका बढेको अवस्थामा निजी विद्यालयका सञ्चालक समेत त्यसबाट अछुतो नरहेको आवाज उठ्दै आएका छन् । यो अवस्थाले राजनीतिक व्यक्तित्वलाई निजी विद्यालयप्रति प्रेम छ र सामुदायिक विद्यालय दुब्लाएकामा पीर छैन भन्ने देखाएको छ । तथ्यांक हेर्दा पनि विगतकै दशकमा १० लाखभन्दा बढी विद्यार्थी सामुदायिक विद्यालयमा घटिसकेको देखिन्छ ।

कतिपय सामुदायिक विद्यालय मर्ज हुने प्रक्रियामा छन् । गुणस्तरीय शिक्षाको सार्वजनिक बहस नै कमजोर भएको देखिन्छ । शिक्षक, जनप्रतिनिधि, कर्मचारी कसैले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा नपढाउने हो भने सामुदायिक शिक्षामा कति सुधार आउला ? निजी विद्यालयहरू जुत्ता, मोजा, कापी, कलम, पोसाक बेच्ने व्यापारी समेत बनेको अवस्था छ । यसको अनुगमन र कारबाहीलाई देशव्यापी बनाउने हो भने यस्ता विद्यालय बजारलाई फलिफापै मात्रै भएको देखिन्छ । यसप्रति नियामक निकाय मौन बस्नुले कानुनको शासन कमजोर रहेको देखाउँछ ।

बजार र राज्यको सहयोगमा निजी विद्यालयहरू फक्रिँदै र सामुदायिक शिक्षालयहरू खुम्चिँदै जाने अवस्थामा तत्काल सुधार आवश्यक छ । राजनीतिक नेतृत्व, जनप्रतिनिधि, कर्मचारी, शिक्षकले निजी विद्यालयमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पनि संलग्न हुन निषेध गर्नुपर्ने देखिन्छ । संविधानसँग शिक्षा क्षेत्रको लय मिलाउन पनि यस्तो प्रावधान आवश्यक छ ।

**शिक्षामा वर्गीय समानता :** शिक्षामा तीनै तहको क्षेत्राधिकारलाई हाम्रो संविधानले आत्मसात् गरे पनि माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको जिम्मामा राखिएको छ । यही आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई सुम्पेको छ । यसकै आधारमा विद्यालय शिक्षाका काम, कर्तव्य तथा अधिकार सम्पूर्ण रूपमा स्थानीय तहमा प्रत्यायोजित भएको हवाला दिँदै विभिन्न स्थानीय तहले आ-आफ्नै किसिम र सुविधाअनुरूप आफ्ना अधिकार क्षेत्रको व्याख्या र प्रयोग गर्न थालेका छन् । यसको प्रभावस्वरूप कुनै स्थानीय सरकारले विधिसम्मत गठन भएका विद्यालय व्यवस्थापन समिति भंग गर्दै छन् भने कुनैले शिक्षकको व्यवस्थापन गर्दै छन् । कसैले निजी विद्यालयको स्वीकृति पनि आफूखुसी दिँदै छन् । केहीले आफू मातहतका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउने निर्णय पनि गरिरहेको पाइन्छ । संविधानले विद्यालय शिक्षालाई स्थानीय तहको मातहतमा मात्रै राखेको छैन, यस्तो शिक्षा निःशुल्क एवं अनिवार्य हुनुपर्ने घोषणा पनि गरेको छ, तर राज्यले विगत केही वर्षयता सार्वजनिक शिक्षामा गर्दै आएको लगानी निरन्तर घटाउँदै छ । कुनै समय कुल राष्ट्रिय बजेटको १७ प्रतिशतसम्म शिक्षामा लगानी गरेको राज्यले यो आर्थिक वर्षको बजेटमा करिब ११ प्रतिशत मात्र शिक्षाका लागि छुट्याएको छ । दिगो विकास लक्ष्य प्राप्ति र युनेस्कोको मान्यता बमोजिम समेत २० प्रतिशतसम्म शिक्षामा लगानी हुनुपर्नेमा राज्यले अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता गरे विपरीत कम बजेट लगानी गर्दै आएको देखिन्छ । सांस्कृतिक तथा भौगोलिक विविधताले भरिएको हाम्रोजस्तो देशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म शिक्षण प्रक्रिया एकै प्रकारको छ भने लगानी पनि यसैअनुरूप हुँदै आएको छ । हाम्रो वर्तमान शैक्षिक प्रणालीमा स्थानीयता र व्यावहारिक शिक्षाको अभाव छ । लगानीकै समयदेखि नै यसको विविधतामा ध्यान दिन सकिएको छैन ।

उदारीकरणको प्रभावसँगै शिक्षामा देखिएको वर्गीय विभेद कम गर्न समेत शिक्षामा लगानी बढाउनुपर्ने हो । शिक्षामा आम जनताको सहज पहुँचको अभिवृद्धिका लागि लगानी बढाउने वातावरण तयार गर्न सकिएको छैन । वैज्ञानिक शिक्षाको आवश्यकता पूरा गर्न शिक्षामा समेत संघीयताको अनुभूति दिलाउने गरी लगानी बढाउनुपर्नेछ ।

**स्थानीय अभ्यासमा सुधार :** संविधानको धारा २२६ उपधारा (१) ले गाउँ वा नगरसभाले प्रदेश कानुनबमोजिम अनुसूची ९ मा रहेका विषयसँग सम्बन्धित कानुन बनाउन सक्ने व्यवस्था गरेको छ । व्यवहारमा भने स्थानीय तहले संघको निर्देशन र नियन्त्रणविना स्वायत्त ढंगले काम गर्न नपाएको अवस्था देखिँदै आएको छ । प्रदेश र स्थानीय तहलाई स्रोत संघकै चाहिने तर निर्देशन भने नमान्ने भन्ने खालका तर्क समेत गरिँदै आएको पाइन्छ ।

प्रदेश र स्थानीय तहमा उत्पादनमुखी स्रोत प्रवर्द्धन नहुँदा संघकै स्रोतमा निर्भर हुने अवस्था छ, यसलाई कम गर्न नसकिए पनि संघीयताको सिद्धान्तविपरीत तिनको स्वायत्ततालाई कमजोर बनाउने काम भइरहेको छ । विद्यालय खोल्ने र बन्द गर्ने विषयमा होस् वा शिक्षकको सरुवा वा दरबन्दी मिलान अथवा विद्यालय स्थापनाकै विषयमै किन नहोस्, स्थानीय तहहरूले स्वतन्त्र ढंगले काम गर्न सकिरहेका छैनन् । प्रशासनिक संघीयता कार्यान्वयनको जटिलता र कर्मचारीतन्त्रको व्यवस्थापन गर्ने पद्धतिमा भएका कमजोरीले अहिले पनि कैयौँ स्थानीय तहमा दरबन्दी र पदअनुसार कर्मचारीको अभाव छ ।

दरबन्दी अनुसारका शिक्षकको अभाव छ । स्थानीय तहमा भएका धेरै असमझदारीका विषय शिक्षकसँग सम्बन्धित छन् । विद्यालयको अधिकार स्थानीयलाई दिएकामा शिक्षकहरू नै चिन्तित भएको अवस्था छ ।

**निष्कर्ष :** शिक्षा सुधारमा राजनीतिक स्वार्थ र नाफाघाटाले प्रभाव पारेको तथ्यलाई कम गर्न सकिएको छैन । सडक, बत्ती, पानीजस्ता भौतिक पूर्वाधारको विकासप्रति जनप्रतिनिधिहरुको बढी चासो देखिन्छ । यसो हुँदा शिक्षामा गरिएका प्रयास पनि भवन, शौचालय, खेलकुद, सीसीटीभी, विद्युतीय हाजिरी, कम्प्युटरजस्ता देखिने काममा बढी र कक्षाकोठाको शिक्षण सिकाइ सुधार्ने पक्षमा कम छन् । केही स्थानीय तहमा पाठ्यक्रम बनाउने र पाठ्यपुस्तक लेख्ने काम परामर्शदाता संस्थाहरूलाई जिम्मा लगाउने ठेकेदारी प्रथा समेत देखिनुले राम्रो सन्देश दिएको छैन । स्थानीयस्तरमै शिक्षकबाटै यस्तो काम गराउनु सान्दर्भिक हुन्छ । शिक्षाको सञ्चालन र व्यवस्थापनसम्बन्धी संघीय तथा प्रादेशिक कानुन पर्याप्त त छैनन् नै, शिक्षा मन्त्रालयले यस्ता कानुनको व्यवस्थित तयारी समेत गरेको देखिँदैन । स्थानीय तहमा शिक्षा सञ्चालनसम्बन्धी जे-जस्ता नियम बनिरहेका छन्, त्यसमा पनि शिक्षा मन्त्रालयको नेतृत्वदायी भूमिका र क्षमता दुवै हुनुपर्नेछ । यसरी संघीयतामा विद्यालयदेखि विश्वविद्यालय तहसम्मै सरोकारवालाबिच प्रशस्त सहकार्य गरी शैक्षिक सुधारलाई देशको समग्र रूपान्तरणको केन्द्र बनाउन आवश्यक देखिन्छ ।

*-रातोपाटी डटकम*

# उच्च अंक पाएकै विषयमा पनि हाम्रा विद्यार्थीको छैन बुझाइ, किन ?

**प्रविज्ञ रेग्मी**

भौतिक विज्ञानको शिक्षक चयनका लागि एक आवेदकसँग अन्तर्वार्ता लिँदै थिएँ। उहाँसँग विश्वविद्यालयबाट त्यसै विषयमा उच्च अंक ल्याएर उत्तीर्ण गरेको स्नातकोत्तरका साथ केही वर्षको अध्यापन अनुभव पनि थियो । अन्तर्वार्ताको क्रम एक सरल प्रश्नबाट सुरू गरेँ । भौतिक विज्ञानमा संरक्षणको नियमानुसार पिण्ड र शक्ति न त नयाँ सिर्जना हुन्छ, न नास हुन्छ । अब मलाई बताउनुहोस्, ! सूर्यबाट यसरी दिनहुँ आणविक प्रतिक्रियाद्वारा पिण्ड शक्तिमा परिवर्तन हुँदै उत्सर्जन हुन्छ, त्यो कहाँ जान्छ ? यदि शक्ति नास हुँदैन भने यसरी पृथ्वीमा दिनहुँ आउने शक्ति कहाँ सञ्चय हुन्छ ? वा, त्यो शक्तिले कुनै कार्य गरिसकेपछि कहाँ बिलीन हुन्छ ? वा, सूर्यबाट प्रसारित त्यो विशाल शक्ति अन्तरिक्षमा कहाँ रहन्छ ? ! उहाँले भौतिक विज्ञानको पिण्ड र शक्तिको संरक्षणको सिद्धान्त, अल्बर्ट आइन्स्टाइनको सापेक्षता, सबै गजबसँग व्याख्या गर्नुभयो । तर मेरो आधारभूत प्रश्न अर्थात् सूर्यको विशालशक्ति यदि नास भएकै छैन भने कहाँ छ भन्ने सन्दर्भको उत्तर दिन सक्नुभएन । उहाँलाई पृथ्वीमा हुने सौर्यशक्ति र यसको गतिशीलताको सन्तुलन थाहा थिएन तर हरितगृह प्रभाव थाहा थियो । पिण्डजस्तै शक्ति पनि विद्युत चुम्बकीय तरंगका रूपमा अन्तरिक्षमा अनन्त कालसम्म यात्रा गरिरहन्छ भन्ने थाहा थिएन । इन्फ्रारेड विकिरणको ज्ञानमा अस्पष्ट हुनुहुन्थ्यो । उहाँको ल्याकतको जानकारीपछि फेरि प्रश्न गरेँ, ! यस्तो उच्च अंकसहित फिजिक्समा मास्टर्स उत्तीर्ण गर्नुभएको छ। तर यसै विज्ञानको आधारभूत तथ्यमा किन स्पष्ट हुनुहुन्न ?! यसपछि उहाँले मलाई एक उत्तर दिनुभयो जसले मलाई स्तब्ध बनायो । उहाँको उत्तर थियो, ! सर, त्यो सोधिएको कुरा पाठ्यक्रममा थिएन र मैले यसरी खोतलेर कोर्ष बाहिरबाट पढेको भए यति राम्रो अंक ल्याउँदिनँ थिएँ ।! अब थप बोल्ने ठाउँ थिएन । ! कोर्ष बाहिरबाट! भन्ने शब्दावलीले मलाई अवाक बनायो । यो एक वास्तविक प्रतिनिधि घटनाले शिक्षा प्रक्रियाको एक पाटो उदांगो पार्छ । उच्च उपलब्धिको प्रमाणपत्र छ, तर भएको ज्ञानको बुझाइ सतही छ । परीक्षामा परिणाम प्रमुख छ, तर अध्ययन गौण छ । पढाइको प्रयोजन तपसिलका अन्य पक्षमा छन्, तर प्रविणतातर्फ उन्मुख छैन । सिकाइ तथ्य कण्ठस्त गर्नमा सीमित भयो, तर अर्थपूर्णताको पक्ष उपेक्षा गरियो । यस कारण बौद्धिक गहनता खस्कियो । यो लेखमा मैले घोकन्ते ज्ञान लिने परिपाटीलाई आलोचनात्मक बनाउनेतर्फ केन्द्रित गरेको छु । आशा छ, यसले शिक्षकवर्ग र विद्यालयहरूलाई शिक्षाको गहिराइ तथा ज्ञानको व्यावहारिकतामा अन्तरदृष्टि दिनेछ । यसको महत्त्व दर्साउनेछ । सुरू गर्छु उपयोगी ज्ञान र व्यावहारिक ज्ञानबाट । यी दुई उस्तै देखिए पनि फरक हुन्छन् । उपयोगी ज्ञान दैनिक जीवनको उपयोगमा आउँछन् । जस्तै, जीवनका आधारभूत कुराहरूको सीप हुनु, खाना बनाउन जान्नु वा बाँसको चोयाको डोको बनाउनु जान्नु जीवनका उपयोगी ज्ञान वा सीप हुन् । व्यावहारिक (एप्लिकेबल) ज्ञान त्योभन्दा पृथक र बृहत् हुन्छ । यसको केन्द्रमा अवधारणा र संज्ञान (कग्निजेन्स) को विकास हुन्छ । दैनिक उपयोगितामा मात्र सीमित हुँदैन । यो भनेको ज्ञानको सही र आधिकारिक अर्थपूर्णता हो । अर्को भाषामा यो यथार्थताको पूरा बोध हो । उदाहरण – विद्यालयमा पढिएका विजगणितका सूत्र । ती बाहिरी दृष्टिबाट सजिलै दैनिक उपयोगितामा आएको नदेखिएलान्, तर हरेक सूत्रका अर्थ र ज्ञानका अवधारणा छन् । जब मानव संज्ञानले तिनलाई पक्डिन्छन्, त्यस बेला ती ज्ञान व्यावहारिक बन्छन् । आलोचनात्मक वा अर्थपूर्ण सिकाइले ज्ञानलाई व्यावहारिक बनाउँछ । ज्ञान व्यावहारिक भएपछि मात्र उपयोगमा आउँछ । र, ज्ञान व्यावहारिक वा आलोचनात्मक छैन भने त्यसको उपायोगिता शून्य हुन्छ । अर्थपूर्ण छैन भने त्यो ज्ञानको उपादेयता पनि हुँदैन । उदाहरण – पाइथागोरसको सिद्धान्तले घरको भित्ताको कुनोको नाप नलिइकनै समकोण छ कि छैन थाहा पाउन सकिन्छ । वा, कोणका आधारमा कुनै अग्लो स्तम्भको उचाइ गणना गर्न सकिन्छ । ती अवधारणाहरू अन्य विषयमा पनि एकीकृत हुँदै प्रयुक्त हुन्छन् । आलोचनात्मक सिकाइका यीबाहेक केही प्रमुख निहितार्थ छन् । तीमध्ये एक हो – समस्या समाधानको खुबी । सैद्धान्तिक र व्यावहारिक दुवै समस्याको मर्ममा पहुँच राख्न आलोचनात्मक विचार नभइ हुँदैन । किनभने, उल्लेख गरे जस्तै जबसम्म ज्ञान अर्थपूर्ण हुँदैन, तबसम्म त्यो कार्यमूलक हुँदैन । भौतिक विज्ञानको शक्ति सञ्चय र संरक्षणको आलोचनात्मक ज्ञानबिना पृथ्वीको बढ्दो तापक्रमको समस्या सम्बोधन गर्न सकिँदैन । यो उपर्युक्त निहितार्थको दृष्टान्त हो । दोस्रो – विश्लेषणात्मक क्षमताको विकास । यो भनेको कुनै जटिल धारणा टुक्र्याउँदै तिनका पक्षहरूको सुक्ष्मता केलाउनु हो । आलोचनात्मक सिकाइले मिहिन तथ्यहरू प्रयोगमा ल्याएर बोधलाई गहन बनाउँछ । विश्लेषण क्षमताले कुनै तर्क, धारणा र बौद्धिक पक्षहरूलाई विश्वसनीयता र वैधता प्रदान गर्छ । एक चित्रकारले रङको गहिरो ज्ञान र कस्तो रङको प्रभाव के पर्छ भन्ने जानेर, उद्देश्यसहित एक उत्कृष्ट कला सिर्जना गर्छ। उच्चस्तरको कलाका लागि आवश्यक तत्वको सुक्ष्म ज्ञानको सहारामा विश्लेषण गर्छ । तेस्रो – जीवनपर्यन्तको सिकाइ । आलोचनात्मक सिकाइले मानवजातिलाई निरन्तरको विचारक र खोजकर्ताका रूपमा विकास गर्छ । विद्यार्थीको सिकाइको मानसिकतालाई निरन्तरता दिन्छ । एक संगितकार जीवनपर्यन्त अभ्यास गरिरहन्छ र त्यसको अन्त्य हुँदैन । यही प्रक्रिया नै संगीत साधनाको निरन्तरता बनिदिन्छ । वा, संगीत आफै अविराम यात्रामा परिणत हुन्छ । आलोचनात्मक सिकाइले ज्ञानको गहिराइ र विस्तृतीकरणमा निरन्तरता प्रदान गर्छ । यिनै कारणले आलोचनात्मक सिकाइ र विचारको महत्त्व छ । प्रगतिशील विद्यालयहरूले शिक्षालाई जीवन्त बनाउन अनेक शैक्षिक रणनीति प्रयोग गर्छन् । स्पष्ट छ, ज्ञानको परिपूर्णता यस किसिमको सिकाइबिना असम्भव छ । यसको ठीक विपरीत घोकन्ते शिक्षा हो । यसमा शिक्षा यान्त्रिक बन्छह तथ्यहरूको अर्थहीन स्मरण र तिनको हुबहु उत्पादनमा मात्र जोड दिन्छह परीक्षा परिणामलाई आधार मान्छह ज्ञानको पूर्णतातर्फ लाग्दैन । केही व्यक्तिहरू भन्छन्, !हामीले घोकेरै पढ्यौं र जान्यौं । घोकेर पढेमा केही बिग्रिँदैन । बरू अहिलेका शिक्षाका अनेक शैलीले विद्यार्थीलाई योग्य बनाएको छैन ।! यो एक तर्कदोष मात्र हो । बाह्य रूपमा देख्दा कोही घोकन्ते प्रक्रियाबाट मौलिक विचारक बनेको छ भने, त्यो व्यक्ति विशेषको उच्च संज्ञानात्मक क्षमताले संकलित तथ्य र सूचनालाई आलोचनात्मक बनाएकाले हो, घोकेर होइन । सूचना रटेर कण्ठस्थ राख्दा मानवको स्वभाव सुलभ संज्ञानले काम गर्न पनि सक्छ । तर यस्तो तरिका कमै प्रभावकारी, रसहीन, समय लिने र स्मृतिले सूचनालाई दीर्घकालसम्म नराख्ने हुन्छ । तर यो पनि स्मरण राखौं, आलोचानात्मक सिकाइको आधार अर्थपूर्ण सूचना संकलनबाट पनि सुरू हुन्छ । यो पक्षलाई आलोचनात्मक सिकाइले छुट्याएको छैन । शिक्षा मनोवैज्ञानिक बेन्जामिन ब्लुमले उनको शैक्षिक उद्देश्यको वर्गीकरणमा भनेका छन् – तथ्यको सम्झनाबाटै ज्ञान विश्लेषणात्मक हुँदै सिर्जनशीलतातर्फ लाग्छ । अध्येता कोस्टा भन्छन् – ज्ञान संकलनबाट यसैको प्रक्रिया हुँदै व्यावहारिक बन्छ । कोस्टाको विश्वप्रसिद्ध तीनतले विचारको अवधारणा आलोचनात्मक सिकाइको प्रयोगमा आउँछ । पहिलो तलामा रहेका विचारक सूचना, संज्ञा, कण्ठ गरिएको ज्ञान पुनःउत्पादनमा सीमित हुन्छन् । दोस्रो तले विचारक तुलना, विश्लेषण, व्याख्या र तर्कमा सीमित हुन्छन् । तेस्रो र अन्तिम तलामा रहनेहरू भने ज्ञानको गहनतालाई केन्द्रमा राख्छन् । यिनले क्रमशः छानाको झ्याल खोलेर ज्ञानको खुला र प्रकाशित आकाशमा विचरण गर्छन् । आलोचनात्मक सिकाइले विद्यार्थीलाई कोस्टाको माथिल्लो तलातर्फ निर्दिष्ट गर्छ । विद्यालय होस् वा विश्वविद्यालय, आलोचनात्मक सिकाइ अपरिहार्य छ । अन्यथा ज्ञानको व्यावहारिकताको अभावमा बौद्धिक सुयोग्यता अवरूद्ध हुने जोखिम अति उच्च हुन्छ । यस विषयका पक्षमा धेरै बहस र अनुसन्धान भएका छन् । अध्येता हलपनका अनुसार आलोचनात्मक सिकाइलाई पाठ्यक्रममा अभिन्न रूपले समावेश गरेमा विद्यार्थीले विकास गरेका मौलिक सोचाइले विभिन्न दृष्टिकोणबाट आर्जित ज्ञानको प्रयोग गर्न सिकाउँछ । विभिन्न अध्ययनहरूले पनि स्वतन्त्र विचार विकासका लागि आलोचनात्मक सिकाइ अपरिहार्य रहेको भनेका छन् । वास्तविक संसारका समस्यालाई यसले मात्रै सम्बोधन गर्न सक्ने र सही निर्णय र परिवर्तनका लागि पनि आलोचनात्मक सीप चाहिने भनेका छन् । आलोचनात्मक सिकाइको संस्कृति विद्यालयदेखि नै सुरू हुन्छ । स्मरण गरौं, कुनै शिक्षक विशेषले हामीलाई भनेका कुरा – राम्ररी बुझेर पढ नघोके पनि तिमीले यो सधैं सम्झिन्छौ कतिको स्मृतिमा आजभन्दा दशकौं अघि पढेका कुरा ताजा छन्, यही नै आलोचनात्मक शिक्षाको सुन्दर व्यावहारिक पक्ष हो । एक जना मेरा न्युरोलोजिस्ट मित्र भन्नुहुन्थ्यो, ! मैले वर्षौं अध्ययन गरेका न्युरोलोजीका जटिल अवधारणाहरू सम्झनामा नहोलान् । तर जब शल्यक्रिया गर्दा कुनै ज्ञान विशेषको आवश्यकता पर्छ, एकपल्ट सर्सर्ती पुस्तक पल्टाएर हेरेपछि सहजै प्रयोगमा ल्याउन सक्छु ।! यसरी आलोचनात्मक सिकाइले ज्ञानको स्थायित्व प्रदान गर्छ । आलोचनात्मक सिकाइलाई पाठ्यक्रमबाट सजिलै निर्देशित गर्न सकिन्छ। पाठ्यक्रममा यो नै निहित उद्देश्यका रूपमा राख्नुपर्छ र यसपछि मूल्यांकन गर्दा ती उद्देश्यलाई संरेखित गर्न सकिन्छ । यसो गर्दा प्रश्नहरू कम विषयगत, धेरै वस्तुगत बन्छन्। विद्यार्थीको मूल्यांकन गर्दा, प्रश्नपत्र निर्माण गर्दा सूचनालाई आधार मानेर त्यसको व्यावहारिकतालाई केन्द्रमा राख्न सकिन्छ । शिक्षणलाई अनुसन्धान आधारित गरेमा, परासंज्ञान ( मेटाकग्निसन) का आधारमा सिक्ने तरिका सिकाएमा, मननलाई केन्द्रमा राखेमा, विभिन्न विषय क्षेत्रहरू एकीकृत गरेमा, खुला प्रश्नका आधारमा सोचाइ विस्तृत गरेमा र यस्तै अन्य विभिन्न उपायबाट शिक्षालाई समालोचनात्मक बनाउन सकिन्छ । यो लेखका आधारमा मात्रै आलोचनात्मक सिकाइलाई विद्यालयमा लागू गर्न सकिँदैन । यसका कार्यान्वयनका पक्षहरू छन् । तर यसको मर्मलाई आधार मानेर बाटो बनाएमा, त्यसैअनुसार शिक्षक तयारी गरेमा, विद्यालयमा यसको संस्कृति बसालेमा र शिक्षाका प्रगतिशील पक्षलाई उतारेमा हाम्रा बालबालिकालाई आलोचनात्मक सिकाइतर्फ उन्मुख गर्न सकिन्छ । *-सेतोपाटी डटकम*

# माओवादीलाई ०६४ कै अवस्थामा पुऱ्याउन्छौं : नेता पाण्डेय



**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ ३०/नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य नेत्रप्रसाद पाण्डेयले आफ्नो पार्टीलाई २०६४ सालकै अवस्थामा पुऱ्याउने गरी आफुहरु लागेको बताएका छन् । एकीकृत अखिल नेपाल शिक्षक संगठन जिल्ला समन्वय समिति पाल्पाको दोस्रो जिल्ला परिषद्‌लाई रिब्दीकोट गाउँपालिकाको हार्थोकमा सम्बोधन गर्दै नेता पाण्डेयले माओवादीलाई ०६४ कै अवस्थामा पुऱ्याउने गरी देशैभर अभियान चलाउन थालिएको बताएका हुन् ।

उनले आफ्नो पार्टी नेतृत्वको सरकारले जनहितमा गरेका कामले जनतामा माओवादी केन्द्रप्रति विश्वास बढाउने काम गरेको उल्लेख गरे । नेता पाण्डेयले २०६४ सालमा माओवादीलाई नेपाली जनताले ठूलो विश्वास गरेर समर्थन गरेको तर पार्टीभित्र देखिएका केही विकृति र जनताबाट टाढिने प्रवृत्तिले गर्दा जनसमर्थन घटेको बताए । उनले आफ्नो पार्टी नेतृत्वको सरकार हुँदा छोटो समयमा भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक न्याय तथा विकासका लागि धेरै उदाहरणीय काम गरेकाले पार्टीप्रति जनतामा फेरी विश्वास र समर्थन बढ्दै गएको उल्लेख गरे ।

नेता पाण्डेयले भने 'अब छलाङ्ग मार्ने योजनाका साथ पार्टी र संगठनका गतिविधिहरु सञ्चालन गर्छौं ।' उनले शैक्षिक तथा सामाजिक रुपान्तरणका लागि शिक्षक र शिक्षक संगठनको भूमिका थप प्रभावकारी हुनुपर्ने धारणा समेत व्यक्त गरे । कार्यक्रम नेकपा माओवादी पाल्पाका अध्यक्ष राजेन्द्र विश्वकर्माले एकीकृत अखिल नेपाल शिक्षक संगठनले समाजवादी शिक्षाको बहस चदाउनुपर्ने बताए । स्थानीय, प्रदेश र संघीयसभा शिक्षक आन्दोलनका व्यक्तिहरुले नै नेतृत्व गरेकाले आजका शिक्षकले भोलिको सम्भावनाको सपना देखेर काम गर्नुपर्ने अध्यक्ष विश्वकर्माले जोड दिए । संगठनका केन्द्रीय सचिवालय सदस्य शेषनारायण चालिसेले बालशिक्षकदेखि सबै प्रकारका शिक्षकहरुको समस्या समाधान गर्ने गरी शिक्षा विधेयक आउनुपर्ने बताए ।

गुणस्तरीय शिक्षाका लागि पठन-पाठन सूचना प्रविधि मैत्री बनाउन आवश्यक रहेकाले शिक्षकको आइसीटीप्रति ज्ञान सीप र क्षमता विकास गर्न सरकारले सहयोग गर्नुपर्ने धारणा उनले व्यक्त गरे । रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायण कार्कीले शैक्षिक सुधारका कार्यक्रमहरु गाउँपालिकाबाट सञ्चालन गरिएको बताए । गाउँपालिकालाई सुशासन कायम गर्न पछिल्ला वर्षहरुमा सफल भएको अध्यक्ष कार्कीको भनाई छ ।

कार्यक्रममा संगठनका लुम्बिनी प्रदेशका सचिव भानु न्यौपाने, नेपाल शिक्षक महासघ पाल्पाका सह अध्यक्ष दिपक पौडेल, नेकपा माओवादी केन्द्र बगनासकाली गाउँपालिका अध्यक्ष कृष्ण भूषाल, प्रेस सेन्टर पाल्पाका अध्यक्ष कृष्ण दर्नाल लगायतले शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकारले चासो नदेखाएकाले शिक्षा र शिक्षकका समस्या हल हुन नसकेको बताए । परिषदमा प्रदेश परिषद प्रतिनिधि छनौट गरिएको छ । जिल्ला संगठनका पदाधिकारी र स्थानीय तहका अध्यक्षहरुलाई परिषद्‌ले छनौट गरेको हो । परिषदमा दीर्घ सेवा, निवृत्त शिक्षक, बढुवा तथा नवप्रवेशी शिक्षकलाई सम्मान पनि गरिएको छ । संगठनका जिल्ला अध्यक्ष बासुदेव अर्यालको अध्यक्षता, संगठनका उपाध्यक्ष झपिन्द्र ज्ञवालीको स्वागत, सचिव द्रोणराज न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# संविधान दिवस...

...यस्तै संविधान कार्यान्वयनको पहिलो दशक: उपलब्धी र चुनौती विषय विज्ञसँग छलफल कार्यक्रम सञ्चालन गर्ने, जसको लागि फेडरलिजम एण्ड लोकलाइजेसन सेन्टरसँग समन्वय गरिने भएको छ । आमा नागरिकलाई तीन दिन आ-आफ्नो घरको छत, वरण्डामा दिपावली गर्न समेत प्रदेश सरकारले यस अघि नै आह्वान गरि सकेकोको छ । असोज ३ गते संविधान दिवसको मुल समारोह आयोजना गरिने छ । विभिन्न सांस्कृतिक झाँकी सहित विहान प्रभातफेरीको आयोजना गरिने भएको हो । लुम्बिनी प्रदेश राजधानी परिसर क्षेत्र राप्ती उपत्यका देउखुरीमा मुल समारोह आयोजना गरिने र सो कार्यक्रमको प्रत्यक्ष प्रशारण आम सञ्चारका माध्यमबाट गर्न आह्वान गरिएको छ । यस्तै असोज ४ गते उपयुक्त स्थान पहिचान गरेर प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय कार्यालयलय सम्बद्ध सरोकारवालाहरुको समन्वयमा वृक्षारोपण कार्यक्रम गर्ने जनाईएको छ ।

# घुमन्ते व्यापारमा रमाएका...

...राडीपाखीका सामान जुम्लाबाट खरिद गरेर ल्याउँछन् भने अन्य सामान काठमाडौंबाट खरिदगरी व्यापार गरिरहेका छन् । जुम्लामा राडीपाखी लिन उनी चार/चार महिनामा जान्छन् । काठमाडौंमा महिनामा एकपटक पुग्छन् । राडीपाखी विशेषगरी पूजाआजामा प्रयोग गरिने भएकाले बजारका सामानभन्दा राडीपाखी नै ग्राहकले रोज्ने गरेको उनले बताए । राडीपाखी भेडाको ऊनबाट बनेको हुनाले पूजाआजाका लागि चोखो हुन्छ भन्ने विश्वास छ ।

काफ्लेको परिवारमा श्रीमती, एक छोरी, दुई छोरा छन् । उनीहरुको पालनपोषण, पढाइ खर्च काफ्लेको काँधमा छ । एक व्यक्तिको घुमन्ते व्यापारको कमाइले परिवारको गुजारा अहिलेसम्म चलेको उनी बताउँछन् । जेठो छोरो स्नातक अध्ययन पूरा गरी अहिले लोकसेवा आयोगको तयारीमा छन् । कान्छो छोरो एसइई उत्तीर्ण गरेपछि वैदेशिक रोजगारीका लागि कोरियन भाषा पढ्दैछन् । छोरी कक्षा ११ मा गाउँकै स्कुलमा अध्ययनरत रहेको उनले बताए । 'अहिले छोराछोरी हुर्केबढेसँगै परिवारको खर्च बढ्दै गयो, थोरै खर्चले घरखर्च धान्न मुस्किल छ, व्यापार भने पहिलाको तुलनामा घट्दैछ, एक व्यक्तिको कमाइले जीविका चलाउन हम्मेहम्मे परेको छ, बाध्यताले गाउँ-गाउँमा राडीपाखी, गलैंचालगायतका कपडा बोकेर व्यापारमा हिँड्छु', उनले भने । बाउबाजेको पालादेखि नै चलिआएको यो पेसा उनले अहिलेसम्म पनि निरन्तरता दिइरहेका छन् । यसरी व्यापार गर्ने हिजोआज पुराना व्यक्तिले छाड्दै गएका छन् । बाउबाजेले गरेको पेसा आजसम्म धान्दै आएका काफ्ले यो पेसा आफ्ना सन्ततिलाई हस्तान्तरण गर्न इच्छुक छैनन् । परिवारको आर्थिक अवस्था कमजोर हुँदा पढ्ने रहर भए पनि पढ्न नपाएको उनको गुनासो छ । कक्षा १० सम्म पढेका काफ्ले आफूले दुःख गरेरै भएपनि छोराछोरीको उज्ज्वल भविष्य बनाउने सपना बुनेर गाउँ-गाउँमा व्यापारमा खटेका छन् । अहिले उनले रामपुरका अलवा पाल्पाकै पूर्वखोला, रम्भा, बगनासकाली गाउँपालिका, स्याङ्जाको चापाकोट नगरपालिका, मालुङ्गा, मिर्मी, बयरघारी, वालिङ, चिन्नेबास, गल्याङका गाउँसम्म व्यापार गर्छन् । घुमन्ते व्यापारमा उनको साथमा पहिला दुई/तीन जना साथी थिए, अहिले भने उनी एक्लै छन् । उनीसँगै व्यापार गर्ने साथीहरू पछिल्लो समय सन्तोषजनक व्यापार नभएपछि यो व्यवसाय छाडेर गएका छन् । लामो समयसम्म रामपुरमा व्यापार गर्दै आएका काफ्लेले अब अर्घाखाँची र गुल्मी जिल्लामा पुगेर व्यापार गर्ने सोच बनाएका छन् । उनको गाउँ जुम्लाबाट व्यापार गर्ने थलो पाल्पा रामपुर आउन वा रामपुरबाट जुम्ला जान एकतर्फी मात्रै तीन दिनको यात्रा गर्नुपर्छ । जुम्लाबाट सुरु गरेको यात्रा कालीकोट, दैलेख, सुर्खेत, कोहलपुर र बुटवल हुँदै पाल्पा रामपुर आइपुगिन्छ । त्यहाँबाट सामान यहाँसम्म ढुवानी गर्न सहज छैन । *-रासस*

## खेलकुद समाचार

# कर्णालीलाई हराउँदै एपीएफ शीर्ष स्थानमा



**काठमाडौं,** भदौं ३०/एन्फा महिला लिग फुटबलमा आइतबार भएको पहिलो खेलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले कर्णाली प्रदेशलाई हराएको छ । ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्सको मदैनमा भएको खेलमा एपीएफले कर्णालीलाई ६-० गोलले हराएको हो । एन्फा महिला लिग फुटबलमा आइतबार दुई वटा खेल भएको थियो । पहिलो खेलमा दिउँसो साढे १२ बजे कर्णाली प्रदेश र सशस्त्र प्रहरी बलको एफीएफ क्लब खेलेको थियो । एपीएफका लागि रश्मीकुमारी घिसिङले २ तथा निशा थोकर, गीता रानामगर, हिमा रावत र वर्षा ओलीले समान एक गोल गरे । यो जीतसँगै एपीएफ पाँच खेलमा १३ अङ्कसहित तालिकाको शीर्ष स्थानमा पुगेको छ । समान खेल खेलेको कर्णाली एक अङ्का साथ नवौं स्थानमा छ । यस्तै दोस्रो खेलमा दिउँसो साढे ३ बजे एन्फा कम्प्लेक्समै बागमती युथ क्लब र रौतहटको चन्द्रपुर नगरपालिका खेलेको थियो । चन्द्रपुर चार खेलमा पाँच अङ्कसहित छैटौं र बागमती युथ क्लब चार खेलमा तीन अङ्कसहित आठौं स्थानमा छन् । अखिल नेपाल फुटबल सैं (एन्फा) को आयोजनामा भइरहेको लिगमा १० वटा टोली सहभागी छन् ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# 'संगम मेडिकल छात्रवृत्ति' वितरण



**हाम्रा संवाददाता**

पाल्पा, भदौं ३०/स्वास्थ्यकर्मी रुक्मागत शर्माद्वारा स्थापित 'संगम मेडिकल छात्रवृत्ति' तानसेनका एक विद्यार्थीलाई प्रदान गरिएको छ । पाल्पा उद्योग वाणिज्य संघले संघको ७० औं वार्षिक साधारण सभाको अवसरमा जनता नमूना मावि कक्षा १० मा अध्ययन विद्यार्थी आयुष जलारीलाई प्रदान गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, अक्षयकोषदाता रुक्मागत शर्मा र पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले संयुक्त रुपमा विद्यार्थी जलारीलाई १० हजारको चेक हस्तान्तण गरेका हुन् । सोही अवसरमा संघले अक्षयकोषदाता शर्मालाई समेत सम्मान गरेको छ ।

अक्षयकोषदाता शर्माले संघमा आवद्ध उद्योगी, व्यवसायीहरुका छोरा/छोरीहरु मध्येबाट साधारण (सरकारी) विद्यालयमा कक्षा ८ देखि १२ सम्म अध्ययन गर्ने गरिब तथा जेहन्दार एक जना विद्यार्थीलाई हरेक वर्ष छात्रवृत्ति स्वरुप १० हजार दिने गरी १ लाख २५ हजार रुपैयाँ बराबरको अक्षयकोष संघमा स्थापना गरिदिएका थिए । जिल्लाको स्वास्थ्य, शिक्षा र साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका शर्माले आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई अध्ययनमा थप उत्साह र टेवा पुगोस् भन्ने उद्देश्यले छात्रवृत्तिका लागि अक्षयकोष स्थापना गरिदिएको बताए । उनले उद्योग वाणिज्य संघको ६९ औं साधारण सभाको अवसरमा उक्त अक्षकोषको घोषणा गरेका थिए । शर्माका अनुसार अक्षयकोषको व्याजबाट आउने दश हजार छात्रवृत्तिका रुपमा दिइने छ । उनले यस अघि पनि नेपाल औषधि व्यवसायी संघ पाल्पामा १ लाख ५० हजार रुपैयाँको अक्षयकोष स्थापना गरिदिएका थिए । स्वास्थ्यकर्मी शर्माले हरेक वर्ष एक जनालाई 'औषधि व्यवसायी संगम सम्मान तथा पुरस्कार' प्रदान गर्ने गरी अक्षकोष स्थापना गरिदिएका हुन् । उक्त पुरस्कार पनि हरेक वर्ष वितरण हुँदै आएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई